नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा
प्रशासन फाँट

☎ ५२०१२१
५२००३२
फ्याक्स ५२००९१

प.सं.: ०७७/०७८ (न.)
च.नं.: 2693

मिति: २०७७।०८।२४

**विषय: जन्मको आधारका नेपाली नागरिकका सन्तान सम्वन्धमा।**

यो जो सँग सम्वन्धित छ।

नेपालको संविधान (२०७२) को भाग २ को धारा ११ (३) मा जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने नागरिकका सन्तानले वावु र आमा दुवै नेपालका नागरिकहरु रहेछन् भने निज बालिग भएपछि बंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ।

हाल नयाँ बन्ने नागरिकता ऐनको विधेयक संघीय संसदमा विचाराधीन रहेको र सो विधेयक पारित भई प्रमाणित भए पश्चात संवैधानिक व्यवस्था अनुरुप जन्मको आधारमा नेपाली नागरिकता लिएका नागरिक समेतको सन्ततीले बंशजको आधारमा नेपाली नागरिकता पाउने छन्।

**अत: २०७२ साल अघि नेपालको नागरिकता लिएका वावु र आमाका छोरा छोरीको हकमा ;**

- २०७२ साल अघिको वावु र आमाको नेपाली नागरिकता,
- छोरा छोरीको जन्म दर्ता वा जन्म मिति समेत खुल्ने शैक्षिक प्रमाण,
- स्थानीय तहले गरि दिएको नाता प्रमाण,

⇨ समेत हेरी विद्यालय/उच्च शिक्षा भर्ना र नाता प्रमाण अनुरुप बैङ्क खाता खोली दिन हुन अनुरोध छ।

प्रदीपराज कणेल
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी